


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

स्वास्थ्य मापदण्डको पालना गरी विद्यालय, क्याम्पस लगायतका शैक्षिक संस्था सञ्चालनमा सहयोग पुर्‍याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❏ वर्ष २३ ❏ अङ्क ३७ ❏ श्रेणी क्षेत्रीय 'क' ❏ २०७८ फागन ८ गते आइतबार ❏ 20 Feb. 2022 ❏ पृष्ठ ४ ❏ मूल्य रू. ५।-

## कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि सरकारको भूमिका प्रशंसनीय: अध्यक्ष तिमिल्सिना

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

राष्ट्रियसभाका अध्यक्ष गणेश तिमिल्सिनाले चरणबद्ध रुपमा फैलिँदै गएको कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले गरेका कार्यहरु महत्वपूर्ण र प्रशंसनीय रहेको बताउनुभएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आयोजना र विश्व स्वास्थ्य सङ्गठनको सहयोगमा पोखरामा शनिबार आयोजित 'कोभिड-१९ विरुद्धको खोपसम्बन्धी जोखिमः सञ्चार तथा सामुदायिक सहभागिता' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो।

उहाँले विभिन्न भेरियन्टका रुपमा देखापरेको कोभिड-१९ ले विज्ञान र प्रविधिलाई समेत चुनौती दिँदै गइरहेको जनाउँदै नेपाल जस्तो मुलुकमा खोपको सहजता र अन्य व्यवस्थापनका कार्यले कोरोना रोकथाम र नियन्त्रणका लागि केही सहज भएको बताउनुभयो । उहाँले अझै पनि महामारी पूर्ण रुपमा निर्मूल नभइसकेकाले स्वास्थ्य सतर्कतासहित मापदण्ड पालना गरेर मात्र गतिविधिहरु गर्नुपर्ने बताउनुभयो । अध्यक्ष तिमिल्सिनाले पछिल्लो राजनीतिक घटनाक्रमले नागरिकलाई निराश बनाएको जनाउँदै देशको समृद्धि, सुशासन र विकासका लागि सबैले ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

महामारी रोकथामका लागि जनप्रतिनिधिको भूमिका महत्वपूर्ण हुने भएकाले स्वास्थ्यजस्तो संवेदनशील विषयमा जनप्रतिनिधि चनाखो भएर गृहकार्य गर्ने र रणनीतिक योजनाहरु बनाउनुपर्ने उहाँको भनाइ थियो । कार्यक्रममा स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. सङ्गीता कौशल मिश्राले २०७६ पुस २८ मा नेपालमा पहिलो पल्ट कोभिड-१९ सङ्क्रमित देखा परेको र तत्कालीन समयमा कोभिड परीक्षण रोकथामका कार्य गर्न निकै जटिल र चुनौती रहे तापनि मन्त्रालयले समुदायलाई सुसूचित गराएर महामारी नियन्त्रणका लागि काम गरेको बताउनुभयो । उहाँले पिसिआर ल्याब नहुँदा तत्कालीन समयमा हङकङमा परीक्षणका लागि पठाउनु परेको स्मरण गर्दै अहिले नेपालमा १०२ पिसिआर ल्याबहरु रहेको जानकारी दिनुभयो। डा मिश्राका अनुसार सरकारले २०७७ साल माघ १४ मा खोप कार्यक्रम सञ्चालन गरेकामा हालसम्म तीन करोड ६० लाख ९९ हजार १६९ ले पहिलो र दोस्रो डोज खोप लगाएका छन्। त्यस्तै आठ लाख ४२ हजार ५९० जना बुस्टर डोज खोप लगाएका छन्। उहाँले कूल जनसङ्ख्या ७३ प्रतिशतले पहिलो र ५८ प्रतिशतले दोस्रो डोज लगाएको जानकारी दिनुभयो । त्यसैगरी हालसम्म ६४ लाख एक हजार १६ जनामा पिसिआर परीक्षण गरिएको छ भने ११ लाख १३ हजार ५४४ सङ्क्रमित सङ्ख्या रहेको थियो । कोभिड-१९ का कारण ११ हजार ९१३ जनाले ज्यान गुमाएका छन् । सक्रिय सङ्क्रमितको सङ्ख्या १४ हजार ४३५ रहेको छ । उहाँले हाल कोभिड सङ्क्रमण सङ्ख्या ओरालो लाग्दै गएको जनाउँदै समुदायस्तरबाटै जनचेतना जगाउन सके आगामी दिनमा महामारीबाट जोगिन सकिने बताउनुभयो । विश्व स्वास्थ्य सङ्गठन नेपालका प्रमुख डा राजेश सम्भाजीराव पाण्डवले कोभिडले हरेक मानिसको जीवनशैली परिवर्तनका लागि धैरै कुरा सिकाएको बताउनुभयो । महामारीलाई नकारात्मक रुपमामात्र लिएर निराश हुनुभन्दा महामारीपश्चात् परिवारको महत्वसँगै पारिवारिक पुनःमिलनमा समेत भूमिका खेलेको कुरालाई पनि स्मरण गर्नुपर्ने बताउनुभयो । योग ध्यानको महत्वलाई उजागार गर्दै चिकित्सा क्षेत्रमा समेत कोभिड-१९ ले क्रान्ति ल्याएको उहाँको भनाइ छ । महामारीको अवस्थाले शारीरिक, मानसिक साथै आर्थिक अवस्थाको सामना गर्नुपर्नेस्थितिलेमानसिकस्वास्थ्यमा समेत असर पारेको र यसतर्फ झन् सचेत हुनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो। कार्यक्रममा विश्व स्वास्थ्य सङ्गठनका रणनीतिक साझेदारी र नेतृत्व सञ्चारका वरिष्ठ परामर्शदाता डा सुनुर वर्मा, आपत्कालीन कार्यक्रमका प्रमुख डा आलिसानगोकोटानो, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना केन्द्रका निर्देशक सुनिलराज शर्मा, मेडिकल अफिसर खोप कार्यक्रमका डा विनोद बुरा र मन्त्रालयका बाल स्वास्थ्य तथा खोप शाखाप्रमुख श्री सागर दाहाल लगायतले कोभिड-१९ को समयमा प्रदेशसभाको भूमिका, सामुदायिक संयन्त्रको स्थापना, जनस्वास्थ्यका मापदण्ड, संसद्को भूमिका, मन्त्रालयको रणनीतिक योजनाहरुमा छुट्टाछुट्टै प्रस्तुति राख्नुभएको थियो।

मन्त्रालयका प्रमुख विशेषज्ञ डा श्यामसुन्दर यादव, मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारी लगायतले कोभिड-१९ को विषयमा आफ्नो भनाइ राख्नुभएको थियो। कार्यक्रममा सातै प्रदेशका सभामुख, उपसभामुख, प्रदेशका सचिव लगायतको उपस्थिति रहेको र लगत्तै यो कार्यक्रम सुदूरपश्चिम र कर्णाली प्रदेशमा पनि गरिने सञ्चार संयोजक छिरिङ गुरुङले जानकारी दिनुभयो।

## गण्डकी वहुप्राविधिक शिक्षालय भवनको शिलन्यास

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**



पोखरा महानगरपालिका अर्न्तगतको गण्डकी बहुप्राविधिक शिक्षालयको भवनको शनिवार एक कार्यक्रमका विच शिलन्यास भएको छ।

पोखरा महानगरपालिका वडा नं. २९ र ३० को खल्याणमा निर्माण हुने भवनको संघीय सांसद एवं पूर्व स्वास्थ्य मन्त्री खगराज अधिकारी, गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति दिपक कोइराला र पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जि.सीले शिलन्यास गरेका हुन। शिलन्यास कार्यक्रममा बोल्दै संघीय सांसद खगराज अधिकारीले प्राविधिक शिक्षा हासिल गरेका जनशक्ति विश्वको जुनसुकै मुलुकमा पुगे पनि खपत हुने बताए । उनले गुणस्तरिय शिक्षामा जोड दिन गण्डकी वहुप्राविधिक शिक्षालयलाई आग्रह गरे।

कार्यक्रममा गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति दिपक कोइरालाले तोकिएकै समयमा निर्माण कार्य सक्ने कन्टयाक्टरलाई आग्रह गरे। सांसद कोइरालाले नतिजा र व्यवहारिक शिक्षाबाट नै मुलुकको समृद्धिमा सहयोग पुग्ने उल्लेख गरे। पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जि.सि ले भवन शिलन्यासले महानगरपालिकाले प्राविधिक शिक्षामा दिएको जोडको एउटा सपना साकार हुने बताए । उनले प्राविधिक शिक्षालयबाट स्थानीय वासिन्दा सवैभन्दा बढी लाभान्वीत हुने उल्लेख गर्दै त्यसको सदुपयोग गर्न आग्रह गरे। ११ करोड ४२ लाख रुपैयाको लागतमा बन्ने तीन तले भवन २०७९ सालको फागुन भित्र सम्पन्न हुने छ। भवन निर्माणको जिम्मा भूमि इन्फास्ट्रक्चर प्रा.लि विराटनगरले पाएको छ । निर्धारित समयमै काम सम्पन्न गरेर हस्तान्तरण गरिने प्रोजेक्ट इन्जिनियर माधव कार्कीले जानकारी दिए।

प्राविधिक शिक्षालयले अहिले पोखरा २९ मा रहेको जनप्रकाश उच्च मा वि सँग सहकार्य गरेर विभिन्न विषयमा अध्यापन गराउँदै आएको छ । शिक्षालयका कार्यकारी निर्देशक लक्ष्मण तिमिल्सेनाले प्राविधिक शिक्षालयले अहिले सिभिल, मेकानिक्स लगायतका विषयमा कक्षा संचालन गरीरहेको उल्लेख गर्दै, भवन निर्माण सम्पन्न भैसकेपछि नर्सिङ लगायतका बिषयमा पनि अध्यापन गराईने बताए।

## लेखा आयोगद्वारा पार्टीलाई आर्थिक पारदर्शी बनाउने प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

नेकपा एमाले केन्द्रीय लेखा आयोगको दोस्रो पूर्ण बैठक विभिन्न निर्णयसहित पोखरामा सम्पन्न भएको छ।

आयोगको बैठक तथा प्रशिक्षण कार्यक्रम फागुन ५ देखि ७ गतेसम्म पोखरामा आयोजना भएको थियो। बैठकले आयोगमा थप केन्द्रीय सदस्य मनोनीत गर्दै पार्टीलाई आर्थिक रुपमा पारदर्शी बनाई सबै ढंगले अगुवाई गर्न सक्षम बनाउने प्रतिबद्धता जनाएको छ । हिजो बिग्रिसकेकोलाई आगामी दिनमा अझ राम्रो बनाउने गरी आयोगले कार्य थालनी गरेको अध्यक्ष डा. पुष्प कँडेलले जानकारी दिए । ' पार्टी सबै रुपले सक्षम भयो भने मात्र देश सबल बन्नेछ,' उनले बैठकका निर्णय सार्वजनिक गर्दै पत्रकारहरुमाझ भने, 'पार्टी भित्रको आर्थिक पारदर्शितालाई हामीले पहिलो प्राथमिकतामा राख्ने निर्णय गरेका छौं।' जनता र कार्यकर्ताहरुबाट नेतृत्वमाथि उठ्ने सवाललाई सम्बोधन गर्ने गरी आयोगले व्यवस्थित ढंगले काम गरिरहेको उनले बताए। 'पार्टीका सबै जनसंगठन र मातहतका कमिटी भित्रको आर्थिक गतिविधिलाई आयोगले लेखापरीक्षण गरी पारदर्शी र जवाफदेही बनाउने छ,' उनले भने, 'नेकपा एमाले व्यवस्थित भयो भने अन्य पार्टीलाई पनि दबाब सिर्जना हुन्छ ।' सोहीअनुसार बैठकले पार्टीको आर्थिक परिचालन र लेखा व्यवस्थापनका निम्ति केन्द्रीय लेखा तथा आर्थिक

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखरा म्याराथनमा केन्याका कोसगाइ र नेपाल प्रहरीकी प्रसाईं प्रथम

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**




१६ औं संस्करणको पोखरा अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगितामा केन्याली धावकहरुको वर्चश्व रहेको छ । शनिबार पोखरामा सम्पन्न भएको उक्त प्रतियोगितामा केन्याली धावकहरुको बर्चश्व रहेको हो।

७१ औं प्रजातन्त्र दिवसका अवसरमा पोखरा आयोजित उक्त प्रतियोगितामा केन्याली धावक स्टेफेनले निर्धारित दुरी ४२.१९५ किमि २ घन्टा १९ मिनेट ४३ सेकेण्डमा पार गर्दै उपाधि जितेका छन् । पोखरा म्याराथनमा उनले नयाँ रेकर्ड बनाएका छन् । यस अघिको विजेता भन्दा कम समयमा उक्त दुरी पार गरी हाल नयाँ रेडर्क बनाएको आयोजक नेपाल भुतपूर्व खेलाडी मञ्चले जनाएको छ। नयाँ रेडर्क राखेका स्टेफेनले उपाधि सहित नगद ४ लाख नगद हात पार्न सफल भएका हुन्। त्यस्तै केन्याकै अर्का धावक सिमिअन किप्लागाट टुले निर्धारित दुरी २ घन्टा २१ मिनेट ३ सेकेण्डमा पार गर्दै दोश्रो हुन सफल भए। उनले नगद २ लाख हात पार्न सफल भए । उनको समेत पोखरा म्याराथनमा नयाँ रेकर्ड राखेको मञ्चका अध्यक्ष हरि प्रसाद पराजुलीले बताए।

विभागिय टोली नेपाली सेनाका मोहन देव जोशी तेश्रो भए । उनले निर्धारित दुरी २ घन्टा ३३ मिनेट २४ सेकेण्डमा दुरी पार गर्दै तेश्रो भएका हुन् भने उनले नगद १ लाख प्राप्त गरे । उनी नेपाली धावकहरु मध्यबाट पहिलो स्थान भए संगै यूकेको कुनै एक म्याराथनमा सहभागि हुने मौका पाउने भएका छन्। एपिएफ क्लवका सन्तोष विक्रम विष्टले उक्त दुरी २ घन्टा ३४ मिनेट ४८ सेकेण्डमा पार गर्दै चौथो स्थान हात पारेका छन् भने उनले नगद ३० हजार प्राप्त गर्न सफल भए। यसैबिच, महिलातर्फ भएको २१ किलोमिटर हाफ म्याराथनमा नेपाल प्रहरीकी राजपुरा पछाईले उपाधि जितेकी छन् । उनले निर्धारित दुरी १ घन्टा २१ मिनेट २६ सेकेण्डमा पार गर्दै नगद १ लाख हात प्राप्त गरिन् । त्यस्तै एपिएफ क्लवकी विन्द्रा धान्के श्रेष्ठले १ घन्टा २७ मिनेट ४१ सेकेण्डमा पार गर्दै दोश्रो भइन भने उनले नगद ५० हजार प्राप्त गरेकी छन् । जुम्लाकी राममायाँ वुढाले १ घन्टा ३० मिनेट ४८ सेकेण्डमा उक्त दुरी पार गर्दै तेश्रो भइन भने उनले नगद ३० हजार प्राप्त गरिन । विदेशी धावक युकेकी हाना क्यारसले निर्धारित दुरी १ घन्टा ३२ मिनेट ५८ सेकेण्डमा पार गर्दै चौथो भएकी छन् भने उनले नगद १५ हजार प्राप्त गर्न सफल भईन। विजेता धावकहरुलाई गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, प्रदेशका सांसद मोहन रेग्मी, ग्रिसका अवैतनिक राजदुत विक्रम पाँडे काजी, राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङ, प्रदेश यूवा तथा खेलकुद मन्त्रालयका सचिव वद्रीनाथ अधिकारी, प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव तेज बहादुर गुरुङ, नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठ, पोखरेली मञ्चका अध्यक्ष मान प्रसाद गुरुङ, उपाध्यक्ष करम गुरुङ, कृषि विकास बैंक प्रदेश कार्यालयका निमित्त निर्देशक शम्भु पौडेल, भूतपूर्व खेलाडी मञ्चका संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाट मञ्चका सल्लाहकार जगन गुरुङ, सल्लाहकार गणेश भट्टराई, महेश गुरुङ, पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष गोकर्ण कार्की, लोकतान्त्रिक खेलकुद संघका अध्यक्ष देवेन्द्र कुमार शेरचन, किर्तिमानधारी धावक बैकुण्ठ मानन्धर लगायतले पुरस्कार वितरण गरेका थिए। उक्त प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री नेपालीले गण्डकी प्रदेशलाई खेलकुदको हव बनाउनु पर्ने बताए । उनले गण्डकी प्रदेश खेलकुदका लागि उपयूक्त प्रदेशको रुपमा रहेको बताउँदै खेलकुदको हव बनाउनु सवैको साथ र सहयोग आवश्यक भएको बताए।

कार्यक्रममा हिमाली सांस्कृतिक परिवार, लोक दोहोरी प्रतिष्ठान गण्डकीका कलाकारहरुले विभिन्न सांगेतिक कार्यक्रमहरु प्रस्तुत गरेका थिए भने पोखरा क्षेत्रमा स्थानियले घर अगाडी घडा राखेर धावकहरुलाई स्वागत गरेका थिए । उक्त प्रतियोगिता लक्ष्मी ग्रुप अन्तर्गत सुजल डेरी प्रालिको मुख्य उत्पादन सफल दुधको मुख्य प्रायोजन रहेको मञ्चका केशव पाठकले बताए।



# नव आदर्श सामुदायिक विकास संस्थाको खुल्ला रक्तदान

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

नव आदर्श सामुदायिक विकास संस्थाको खुल्ला रक्तदानमा ४५ युनिट रगत संकलन भएको छ।

हरेक वर्षको फागुन ७ गते प्रजातन्त्र दिवसका दिन संस्थाले खुल्ला रक्तदान गर्दै आएको छ। ७२ औं प्रजातन्त्र दिवसको दिन संस्थाले २२ औं रक्तदान कार्यक्रम आयोजना गरेको संस्थाका अध्यक्ष रेश्मा शेरचन अधिकारीले वताइन्। कास्की जिल्लामा रगतको अभाव भइरहेको वेला नव आदर्श सामुदायिक विकास संस्था लामाचौर पोखराले गरेको रक्तदान कार्यक्रमबाट थप टेवा मिलेको रक्तसंचार केन्द्र पोखराले वताएको छ। संस्थाका पूर्व सल्लाहकार



समेत रहेका आइ.एन. एफ नेपालका कार्यकारी निर्देशक कृष्ण बहादुर अधिकारीले प्रमुख अतिथिको आशनबाट पहिलो रक्तदाता एवम् संस्थाका पूर्व अध्यक्ष वुद्धि बहादुर खत्री क्षेत्रीलाई ब्लड व्याग हस्तान्तरण गर्दै रक्तदान कार्यक्रमको उद्घाटन भएको थियो। क्षेत्रीले संस्थाको कार्यक्रममा१८औंपटककोरक्तदान गरिसकेका छन् भने पूर्व अध्यक्ष नविन अधिकारीले संस्थामा २१ पटक रक्तदान गरिसकेको वताइएको छ।

२०५४ भाद्र ८ गते पोखराको लामाचौरमा स्थापना भएको नव आदर्श सामुदायिक विकास संस्था सामाजिक क्षेत्रमा जिल्लामै उत्कृष्ट बन्न सफल भएको छ। स्वास्थ्य, शिक्षा, सुरक्षा देखि संस्कृतिको जगेर्नामा कृयाशिल रहँदै आएको संस्थाले बर्षेनी प्रभावकारी सेवामा कोशेढुंगा बन्न पुगेको छ। स्थापनाको २४ वर्ष पछि क्लवको नेतृत्व महिला सामाजिक व्यक्तित्व रेश्मा शेरचनले गरेकि छिन्। रक्त दान कार्यक्रममा सह आयोजकमा युवा रेडक्रस सर्कल गण्डकी वोर्डिङ स्कूल, जुनियर रेडक्रस सर्कल इन्द्र राज्य लक्ष्मी मा.वि. लामाचौर र एल.सी. व्रदर्श र ह्याप्पी क्लव पश्चिमाञ्चल क्याम्पसको सहकार्यमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो।

संस्थाका अध्यक्ष रेश्मा शेरचन अधिकारीको अध्यक्षतामा आयोजित कार्यक्रमको संचालन सचिव थिर बहादुर थापाले गरेका थिए। आकस्मिक सेवा उपसमितिका संयोजक राजु सुनारको सकृयतामा भएको कार्यक्रममा विशेष अतिथि शिक्षा सेवी सुरेन्द्र मानसिंह भण्डारी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

# स्थगित लेखनाथ महोत्सव २६ बाट हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

कोरोनाको प्रभाव बढेसँगै स्थगित भएको १७ औं संस्करणको लेखनाथ महोत्सव यही फागुन २६ गतेदेखि पुनः शुरु हुने भएको छ।

लेखनाथ उद्योग बाणिज्य संघको शुक्रबार बसेको कार्यसमितिको बैठकले स्थगित भएको लेखनाथ महोत्सवलाई सुचारु गर्ने निर्णय गरेको हो।

"लेखनाथको सस्कृति, स्थानिय उत्पादन, विकास र संम्बृद्धि" भन्ने मुल नाराका साथ विभिन्न संघसंस्थाहरुको सहयोगमा लेखनाथ उद्योग बाणिज्य संघको आयोजनामा हुने महोत्सव फागुन २६ देखि चैत ७ गतेसम्म संचालन हुने संघका अध्यक्ष छत्रधर आत्रेयले जानकारी दिए। यसअघि संघले माघ १३ देखी २४ गतेसम्म महोत्सव गर्ने निर्णय गरेकोमा कोभिड १९ को प्रभाव बढेपछि स्थगित गरेको थियो।

लेखनाथ लगायतका परिसरको कृषि, पर्यटन, सामाजिक, आर्थिक, सांस्कृतिक उत्थानका लागि अग्रणी भूमिका खेल्दै आएको संघले यसपटक पनि महोत्सवका माध्यमबाट थप सहयोग पुग्ने विश्वास लिएको छ।

यसअघिका महोत्सव जस्तै १७ औं संस्करणको महोत्सव पनि सफल पार्न सवैको साथ र सहयोगको अपेक्षा गरेको आत्रेयले बताए। उनले मुख्य प्रायोजक, बिशिष्ट प्रायोजक, सह-प्रायोजक, प्रवर्द्धक, बिभिन्न सहयोगी संघ संस्था, मिडिया पार्टनर, प्रवर्द्धक, नेपाल सरकार, गण्डकी प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय कास्की, जिल्ला प्रहरी कार्यालय कास्की, पोखरा महानगरपालिका, ईलाका प्रशासन कार्यालय तथा ईलाका प्रहरी कार्यालय लेखनाथ, बिभिन्न राजनैतिक दल, स्थानिय जनप्रतिनिधी, बुद्धिजीवी, बिभिन्न संचार माध्यम, पत्रकार लगायत आम जनसमुदाय बाट साथ र सहयोग प्राप्त हुने बिश्वास लिएको समेत बताए।

अध्यक्ष आत्रेयले आइतबारबाटै महोत्सवसँग सम्वन्धित सवैकामलाई द्रुत गतिमा अघि बढाईने समेत बताए। स्टल बुकिङ, प्रचार प्रसार लगायतका कार्यलाई थप प्रभावकारी बनाउँदै विभिन्न संघसंस्था र सरोकारवालाहरुसँग समन्वय गरिएको महासचिव उपेन्द्र सुवेदीले जानकारी दिए।

# भद्रकाली व्यवस्थापन समितिको अध्यक्षमा पुनःकार्की

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माध्यामिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा पुनः लोक बहादुर कार्की चयन भएको छन्।

विहीवार भएको विद्यालय व्यवस्थापन समितिको दोश्रो बैठकले कार्कीलाइ अध्यक्षमा चयन गरेको हो।



समितिको सदस्यहरुमा क्रमश वडा नं १३ वाट वडा प्रतिनिधि दर्शन लामा, सूर्यप्रसाद बराल, हरिगोपाल बडगामी, बामन प्रसाद ढेवाजू, जमुनादेवी श्रेष्ठ, भरतराज सिग्देल र सदस्य सचिवममा विद्यालयका प्रधानाध्यपक घनश्याम रिजाल चयन भएको छन्।

# पेट्रोलियम पदार्थको मुल्यवृद्धि

**रासस**
**काठमाडौं, ७ फागुन**

नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ।

पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणाली अनुरुप निगमले पेट्रोल, डिजेल र मट्टितेलमा रु तीन वृद्धि गरेको हो। शनिबार राति १२ बजेदेखि नयाँ मूल्य लागू हुने निगमले जनाएको छ।

नयाँ मूल्यअनुसार पेट्रोलको मूल्य रु १४५ पुगेको छ भने डिजेल र मट्टितेलको मूल्य रु १२८ कायम गरिएको छ। खाना पकाउने एलपी ग्यासको मुल्य भने यथावत राखिएको छ।

अन्तर्राष्ट्रिय बजार मूल्य अनुरूप प्रति लिटर पेट्रोल रु ५.६१ ले बढेको, डिजेल रु ५.६२ ले बढेको र हवाई इन्धन रू ४.९५ ले बढेर आएको निगमले जनाएको छ। सोही अनुरुप निगमलाई १५ दिनमा करिब रू दुई अर्ब ४० करोड घाटा हुने अवस्था रहेका कारण मूल्य बढाउन बाध्य भएको निगमले विज्ञप्तिमार्फत जनाएको छ।

# राधाकृष्ण गुरुकुल संस्कृत विद्यालयमा नयाँभवन

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

पोखरा महानगरपालिका वडा नं ३२ लामेआहाल स्थित राधाकृष्ण गुरुकुल संस्कृत विद्यालयमा ६३ लाख ६७ हजार ८६१ रुपैयाँ लागतमा विद्यालय भवन तथा शौचालय निर्माण गरिएको छ।



राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन इकाइ(शिक्षा) र जिल्ला आयोजना कार्यान्वयन इकाइ(शिक्षा) को आर्थिक तथा प्राविधिक सहयोगमा दुई कोठे दुईवटा ट्रृष्ट भवन एवम् छात्र, छात्रा अपांगमैत्री शौचालय निर्माण गरिएको हो। विद्यालय भवनको एक कार्यक्रमका बीच आज गण्डकी प्रदेशका शिक्षा, संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले उद्घाटन गर्नुभयो। कार्यक्रममा मन्त्री श्रेष्ठले संस्कृत शिक्षा केवल ज्ञान हासिल गर्ने मात्र नभै संस्कार पनि भएको बताउँदै समाजलाई सुसंस्कृत बनाउन यसको महत्वपूर्ण भूमिका रहने बताउनुभयो। शिक्षा गरिएको लगानीले प्रतिफल दिनुपर्नेमा जोड दिदै उहाँले समय सापेक्ष प्राविधिक एवम् व्यवसायिक शिक्षालाई जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

पोखरा-३२ लामेआहालमा क्षेत्रीय बसपार्क निर्माणका लागि सरकारले बजेटको व्यवस्था गरिसकेको बताउँदै उहाँले जग्गा प्राप्तीतर्फ लागिएको स्पष्ट पार्नुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिभक्त सिग्देलले विद्यालय आर्थिक लगायतका विविध समस्याका वावजुद विद्यालय अघि बढेको बताउँदै दरबन्दी व्यवस्थापन अपरिहार्य भएको बताउनुभयो।

पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले विद्यालयको विकासका लागि वडाका तर्फबाट सक्दो साथ र सहयोग गरेको बताउँदै शिक्षासँगै असल संस्कार आवश्यक हुनेमा जोड दिनुभयो। विद्यालयका प्रधानाध्यापक केशवराज पौडेलले पुर्ननिर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन इकाइ( शिक्षा) र जिल्ला आयोजना कार्यान्वयन इकाइ(शिक्षा) को ४८ लाख ८२ हजार ८५८ रुपैयाँको लागतमा दुई कोठे दुईवटा ट्रृष्ट भवन र १४ लाख ८५ हजार ३ रुपैयाँको लागतमा छात्रछात्रा अपांगमैत्री शौचालय निर्माण सम्पन्न भएको जानकारी दिनुभयो। राधाकृष्ण शान्ति आश्रमका सह अध्यक्ष गणेशबहादुर केसीले विद्यालयलाई दीगो रुपमा सञ्चालन गर्न राज्यले स्थायी दरबन्दीको व्यवस्थापन गरिदिनुपर्ने बताउनुभयो। गोगन माध्यमिक विद्यालयका अध्यक्ष मेघराज पौडेलले संस्कृत शिक्षाको विकासका लागि सबैको सामूहिक प्रयास आवश्यक हुनेमा जोड दिनुभयो। कार्यक्रममा पद्मजगत स्मृति प्रतिष्ठानका अध्यक्ष झलकप्रसाद खनालले विद्यालयको दीगो सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ १० लाख रुपैयाँको अक्षयकोष राख्ने घोषणा गर्नुभयो। उक्त अवसरमा शिक्षक अभिभावक संघका अध्यक्ष विमलाकुमारी थापा बस्नेत, विद्यालयका विद्यार्थी रुपेश हुमागाइँ, नेपाली काँग्रेस पोखरा-३२ का सभापति कुलप्रसाद अधिकारी, विद्यालयका शिक्षक ओम थापा लगायतले बोल्नुभएको थियो।

उक्त अवसरमा पद्मजगत स्मृति प्रतिष्ठानका अध्यक्ष झलकप्रसाद खनाल, निर्माण व्यवसायी छविलाल श्रेष्ठलाई सम्मान गरिएको थियो।

# लेखा...

व्यवस्थापन विनिमय २०७८, लेखापरीक्षण नियमावली २०७२ (प्रथम संसोधन २०७८) र लेखा व्यवस्थापन तथा लेखा निर्देशिका २०७८ पारित गर्दै आगामी चैत मसान्तसम्ममा पार्टीको केन्द्रीय कोषको आन्तरिक लेखापरीक्षण गर्ने भएको आयोगका सचिव शिव अधिकारीले जानकारी दिए। 'पार्टीका प्रदेश तथा जिल्ला कमिटीको आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण सम्पन्न गर्ने निर्णय बैठकले गरेको छ,' उनले भने, 'प्रदेश स्तरमा लेखा व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रम आयोजना गर्ने, पार्टीको स्थिर सम्पत्तीको अभिलेख तयार गर्ने र जनसंगठनहरुको भेला तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्ने लगायत आयोगको आन्तरिक परिचालन सम्बन्धी महत्वपूर्ण निर्णय भएको छ।' बैठकले आयोगमा केशबहादुर केसी (कास्की), प्रेमप्रसाद पराजुली (काठमाडौं), लिलाधर तिवारी (सुर्खेत), बद्री भट्टराई (बारा), जनक बराल (काठमाडौं), लक्ष्मी शाह (दैलेख) र रामेश्वर श्रेष्ठ (ललितपुर)लाई पार्टी विधान बमोजिम सदस्यमा मनोनय गरिएको सचिव अधिकारीले जानकारी दिए। बैठकको शुभारम्भ पार्टी महासचिव शंकर पोखरेलको प्रमुख आतिथ्यतामाभएकोथियो।बैठकमा विशिष्ठ अतिथि उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, केन्द्रीय सदस्य तथा संगठन विभाग प्रमुख खगराज अधिकारी, पार्टी नेता सोमनाथ प्यासी, केन्द्रीय सदस्यहरु मायानाथ अधिकारी र भीमबहादुर कार्की, कास्की जिल्ला अध्यक्ष मनबहादुर गुरुङसहितको उपस्थिति रहेको थियो।

# ३५० संक्रमित थपिए

**रासस**
**काठमाडौं, ७ फागुन**

देशभर पछिल्लो २४ घण्टामा थप ३५० जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ। सङ्क्रमणबाट थप चार जनाले ज्यान गुमाएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय सात हजार ९६ जनाको परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। यससँगै नेपालमा पिसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या नौ लाख ७५ हजार ३३० पुगेको छ।

एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या एक लाख ३८ हजार ५६४ रहेको छ। पछिल्लो समय एक हजार २७२ जना सङ्क्रमणमुक्त भएका छन्। यससँगै भाइरस सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ५० हजार ५६ पुगेको छ। यो दर ९६ दशमलव चार प्रतिशत रहेको पनि मन्त्रालयले जनाएको छ। हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९१७ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप चार जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। कोरोना सङ्क्रमणबाट हुने मृत्युदर १.२ प्रतिशत रहेको छ।

त्यसैगरी पछिल्लो समय सात लाख ६९ हजार ५७६ ले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या १३ हजार ३५७ रहेको छ। अहिले होमआइसोलेशनमा १२ हजार ८२८ रहेका छन्। त्यसैगरी संस्थागत आइसोलेशनमा ५२९, आइसीयूमा १४२ र भेन्टिलेटरमा १७ जनाले उपचार गराइरहेका छन्।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# लोकतान्त्रिक जीवनशैलीको अभाव

नेपालमा प्रजातन्त्र स्थापना भएको बहत्तर वर्ष भएको छ । नेपाली जनताले प्रजातान्त्रिक अधिकार पाएको बहत्तर वर्ष लाग्दा पनि देशमा राजनीतिक स्थायित्व हुन सकेको छैन । लोकतन्त्र षड्यन्त्र र छलछामका लागि हो कि जनताका लागि हो भन्ने निर्क्येयौल हुन सकेको छैन । नेपाली जनताले आफ्नो देशको विकास र स्थायित्वका लागि पटकपटक आन्दोलन गर्नुपर्ने अवस्था छ । जनताको मतलाई भन्दा शक्तिकेन्द्रको स्वार्थ र पदीय महत्त्वाकांक्षाका लागि षड्यन्त्रमा चल्ने नेता र दल रहेसम्म वास्तविक प्रजातन्त्रको लागि देशभक्त नेपालीले खबरदारी गर्नुपर्नेछ । ७१ वर्षको अघि १०४ बर्षको जहानीया राणा शासन अन्त्यको घोषणा भएको दिन फागुन ७ हो । जहानीया शासन अन्त्य भै जनताले राजनीतिक अधिकार पाएको दिन हो । नेपालमा राणा शासन अन्त्य भइ २००७ साल फागुन ७ गतेका दिन प्रजातन्त्र स्थापना भएको हो । राणा शासन अन्त्य भएपनि सम्पूर्ण शक्ति पराजीत भएको थिएन । आन्दोलनकारी शक्ति, राणा र राजतन्त्र बीच संझौता भएर प्रजातन्त्र आएको थियो ।

नेपालमा प्रजातन्त्र स्थापनाका लागि भारतको ठूलो साथ र समर्थन रहेको थियो । भारतको मध्यस्थतामा भएका सहमति देशको स्थायित्व र प्रजातन्त्रको संस्थागत हुन सकेन। राजतन्त्रबाटै प्रजातन्त्रमाथि खतरा उत्पन्न भयो । नेपाली जनताले चाहेको जस्तो प्रजातन्त्र पाउन धेरै संघर्ष र आन्दोलन गर्नुपऱ्यो । २००७ सालमा राजा त्रिभुवनले जनतासामु गरेको आफ्नो संविधान आफै बनाउने घोषणा अनुसार बल्ल कार्यान्वयनमा आएको छ । हामीले प्राप्त गरेको लोकतन्त्र/प्रजातन्त्र जप्ने मन्त्र होइन । कसैले आफूलाई लोकतन्त्रवादी प्रजातन्त्रवादी भनेर मात्र पुग्दैन । कसैले आफूलाई लोकतन्त्रवादी प्रजातन्त्रवादी भनेर पुग्ने अवस्था छैन । व्यवहारमा लोकतन्त्र छ कि छैन महत्वपूर्ण हो । नेपालका राजनीतिक दल र तीनका नेताले अपनाउने व्यवहारले लोकतन्त्र कति मजवुत छ भन्ने कुरा स्पष्ट हुन्छ । सत्तामा पुग्नका लागि नेपालका राजनैतिक दल र नेताहरु आन्दोलन गर्न सक्षम छन् ।

बहुमतको स्थिर सरकार टिक्न नसक्ने अवस्थाका लागि नेताहरूको कुण्ठा, ईर्ष्या, घमण्डले काम गरेको छ । जुन दलसँग बहुमत छ त्यही दलभित्र खेल्ने रोग शक्तिकेन्द्रहरुले गर्दै आएका छन् । कांग्रेसले दुइ तिहाई बहुमत ल्यउदा होस या पटक पटक बहुमत ल्याउँदा दलभित्रको आन्तरिक खिचातानीलाई खेल्ने काम गरेकै हो । नेकपाको बहुमतमा खेल्ने काम भयो । सबैभन्दा ठूलो दल नेकपा एमालेमा खेल्ने काम भएको धेरै भएको छैन । कांग्रेस नेतृत्वमा पाँच दलीय गठबन्धन पनि खेल्ने काम भएको छ। नेपालमा अस्थिरता कायम राख्न सधैं एउटै प्रबृत्ति हावी भएको छ । २००७ सालदेखि २०१७ सालसम्म दलहरुबीच बेमेलले गर्दा प्राप्त उपलब्धी संस्थागत हुन सकेन । अहिले पनि त्यही अवस्था छ । जुन जनताले नचाहेको र दलहरुको प्रतिबद्धता विपरितको क्रियाकलाप हुन् । संविधान जारी भए पछि भएका चुनावले स्थानीय तह, प्रदेश र संघीय सरकारको अनुभव जनताले गर्दैछन् । २०१५ सालको चुनावपछि कांग्रेसले दुईतिहाईको सरकार गठन गरेको थियो । त्यसलाई डेढ बर्षमै राजा महेन्द्रले 'कु' गरेर ढाले । नेकपाले बहुमत प्राप्त गरेर स्थिर सरकार दिएकोमा चिन्तित भएका शक्तिले सरकार ढाल्न ने पहिले नेकपा र पछि एमालेमा खेलमा एकहद सम्म सफल भएका छन ।

जनतालाई दिने सेवा र शासन सत्तामा रहनेको व्यवहारले गर्दा जुन जोगी आएपनि कानै चिरेको थैलो भिरको उखान जस्तो बन्न पुगेको छ । नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख मुलुक बनाउने कुरा अहिलेका गतिविधिले ठेस लागेको छ । प्रजातन्त्रमा सबैभन्दा ठूला जनता हुन्छन् । जनतामा गएर ताजा जनादेश लिन खोज्नु प्रजातन्त्र बलियो बनाउन खोज्नु हो । कसैले जितेको र कसैले हारेको अनुभुति नगरी जनताको जित, देशको स्वाभिमान कायम हुनेगरी शासन संचालन गर्न सके मात्र प्रजातन्त्र बलियो हुन सक्छ । प्रजातन्त्र ल्याउनको निम्ति प्राण आहुति दिने र आन्दोलनमा लाग्ने सबैलाई यस अवसरमा स्मरण गर्न चाहन्छौं । सिमित बर्गले मात्र राज्यको साधन श्रोतको दोहन गर्ने बहुसंख्यक जनता नयाँ खालका शोषण र उत्पिडनमा पर्ने हो भने लोकतन्त्र बलियो हुन सक्दैन ।

सत्तामा पुगेकाहरुले जनतालाई आफुजस्तै सम्पन्न छन् भन्ने सोचाईका कारण जनतामा असन्तुष्टि बढ्दै गएको छ । जनताको असन्तुष्टिलाई निरंकुश र राजावादीले खेल्ने ठाउँ नदिन लोकतान्त्रिक आचरण देखाउनु आवश्यक छ । लोकतन्त्रका दुई वटा पक्ष छन्, एउटा राजनीतिक अधिकारहरू प्राप्ति, रक्षा, विकास र उपयोग हो भने अर्को, राष्ट्रिय हितहरूको संरक्षण र सम्वर्द्धन हो । प्रजातन्त्रका विषयमा चर्चा गरिरहँदा राष्ट्रको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र लोकतन्त्रको रक्षाका लागि गरिएका आन्दोलनहरूमा योगदान गर्नेहरूप्रति उत्तिकै सम्मान र श्रद्धा गरिनुपर्दछ । प्रजातन्त्र–लोकतन्त्रलाई सत्ता प्राप्तिको दाउपेच र सडक आन्दोलनमा पोखिइरहने विषयका रूपमा नभई 'समृद्ध नेपाल, सुखी नेपाली'को आकाङ्क्षा पूरा गर्न तथा जीवनशैली र सोचलाई लोकतान्त्रिक बनाउन सदुपयोग गरौं । लोकतन्त्र–प्रजातन्त्र, राष्ट्रिय हित र स्वाभिमानका लागि समर्पित सबैप्रति साँचो सम्मान हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : आर्थिक समस्या | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मेघगर्जन–चट्याङसहित हल्का वर्षाको सम्भावना

**रासस**
**काठमाडौं, ७ फागुन**

पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले बदली हुनाका साथै मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

हाल उक्त मौसमी प्रणालीको आंशिक प्रभाव रहे पनि आगामी तीन दिनसम्म बदली र वर्षा गराउने महाशाखाले प्रक्षेपण गरेको छ ।

शनिबार राति देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहने सम्भावना छ । उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा मेघगर्जन, चट्याङसहित हल्का हिमपातको सम्भावना छ । आइतबार देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहनेछ । देशका पहाडी भेगका केही स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना छ । देशका उच्च पहाडी तथा हिमाली भेगका केही स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ ।

सोमबार पनि देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भागमा मौसम सामान्यतया सफा रहनेछ । पहाडी भू-भागका थोरै स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भेगमा हल्का हिमपातको सम्भावना रहेको छ । शनिबार काठमाडौंको न्यूनतम तापक्रम सात दशमलव पाँच र अधिकतम तापक्रम २० दशमलव सात डिग्री सेल्सियस रहेको छ ।

# राप्रपा (नेपाल)को राजनीतिक आदर्श जनतामा केन्द्रित संवर्द्धनवाद

**रासस**
**काठमाडौं, ७ फागुन**

राप्रपा (नेपाल)का अध्यक्ष कमल थापाले आफ्नो पार्टीले हिन्दू राष्ट्र, सुशासन र समृद्धिका विषयलाई राजनीतिक आदर्शका रूपमा अगाडि बढाउने बताउनुभएको छ ।

यहाँ शनिबार आयोजित पार्टी घोषणा कार्यक्रममा अध्यक्ष थापाले राजसंस्थालाई सम्मान तथा जनतामा केन्द्रित संवर्द्धनवादको चिन्तनलाई प्राथमिकतामा राखेर क्रियाशील हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले मुलुकमा विसं २००७ देखि अहिलेसम्म विभिन्न रजनीतिक प्रणालीका साथै आधा दर्जन संविधान प्रयोग भइसकेको भए पनि स्थायित्व हुन नसकेकाले जनताको जीवनस्तर परिवर्तन हुन नसकेको बतउनुभयो । अध्यक्ष थापाले विविधताले भरिएको देशमा सबै जाति समुदायका मौलिक संस्कृतिको संरक्षण गरी सनातन हिन्दू राष्ट्र कायम गर्न सकेमा मात्र राष्ट्रिय एकता बलियो हुने विचार व्यक्त गर्नुभयो ।

विगतमा पार्टी ठूलो बनाउने नाममा आफूले अस्वभाविक सम्झौता गरेकामा पश्चाताप व्यक्त गर्दै उहाँले भन्नुभयो, "मैले राप्रपा फुटाएको छैन, राप्रपा सैद्धान्तिकरूपमा विचलित भएको छ, जीवन्त राष्ट्रवादी शक्तिको खाँचो छ ।" अध्यक्ष थापाले विगत पाँच वर्षको अलमलले पार्टीको पहिचान गुमेकाले आफूहरू भूमिकाविहीन भएको प्रष्ट पार्नुभयो ।

# जनयुद्धका सहिदका नाममा उद्यान

**रासस**
**बागलुङ, ७ फागुन**

तत्कालीन माओवादी जनयुद्धमा जीवनोत्सर्ग गर्ने सहिदका नाममा यहाँ उद्यान निर्माण गर्न थालिएको छ । ताराखोला गाउँपालिका-२ अर्गल, गयारमा बन्ने सहिद उद्यानमा संरचना र पूर्वाधार निर्माणले गति लिएको हो ।

गयार त्यहीँ ठाउँ हो जसलाई युद्धताका माओवादी जनमुक्ति सेनाले तालिम केन्द्रका रुपमा प्रयोग गरेको थियो । विसं २०५८ मङ्सिरमा सरकारी सुरक्षा फौजले गयारमै तीन माओवादी समर्थकलाई एकसाथ हत्या गरेको थियो ।

गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीले पर्यटनको नमूना योजनाका रुपमा सहिद उद्यानलाई अगाडि बढाइएको बताउनुभयो । "यहाँका पर्यटकीय गन्तव्यस्थलको विकास र प्रवर्द्धनका लागि रु १६ करोडको लागतमा डिपिआर तयार पारिएको छ, सहिद उद्यान पनि त्यसैमा पर्छ", उहाँले भन्नुभयो, "उद्यान निर्माणमा रु चार/पाँच करोड खर्च हुने आँकलन छ, यो गाउँपालिकाको बहुवर्षीय योजना हो ।" यस वर्ष गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालबाट उद्यान विकासका लागि छुट्टाइएको रु १० लाख र जनश्रमदानसमेत गरी कूल रु ११ लाख १८ हजारको लागतमा पदमार्ग, पोखरी र प्रतिक्षालय निर्माण गरिएको अध्यक्ष घर्तीले बताउनुभयो । संरचना बनाउँदा स्थानीय सीप र प्रविधिको प्रयोग गरिएको छ । पदमार्गमा गाउँकै 'स्लेट' ढुङ्गा राखिएको छ । प्रतिक्षालय काठ र ढुङ्गाले बनाइएको छ । लामीडाँडा सामुदायिक वन क्षेत्रको एक हजार २९१ वर्ग मिटर जमिनमा उद्यानका संरचना बनाइने गाउँपालिकाले जनाएको छ । उद्यानमा सहिदका सालिक स्थापना, बगैँचा, विश्रामस्थल, धारा, शौचालयसहित अन्य पूर्वाधार बन्न बाँकी नै छ । आर्थिक स्रोत जुटाएर जतिसक्दो चाँडो उद्यान निर्माणलाई पूर्णता दिने योजनामा गाउँपालिका छ । सङ्घीय सरकारको पर्यटन मन्त्रालयबाट पनि बजेट उपलब्ध गराउनपहल भइरहेको उहाँको भनाइ थियो । जनयुद्धका बेला ताराखोला क्षेत्रबाट सहिद बनेका २१ जनाको सालिक उद्यानमा राखिनेछ । ताराखोला जनयुद्धमा जिल्लाकै बढी असर परेको ठाउँ हो । त्यहाँका दुई जना अझै बेपत्ता छन् । "ताराखोलाका मात्रै नभएर अन्यत्र घर भएपनि यस ठाउँमा शहादत प्राप्त गरेका सहिदको पनि उद्यानमा सालिक रहन्छ", अध्यक्ष घर्तीले भन्नुभयो । उद्यानमा युद्धकालीन समयलाई झल्काउने कलात्मक मूर्ति र नमूना युद्ध सामग्री पनि राखिने जनाइएको छ । कुनैताका युद्धमा हेलिएको गाउँलाई पर्यटनका माध्यमबाट चिनाउन सहिद उद्यानले सघाउने विश्वास लिइएको छ । शहीद उद्यान बन्दा त्यसले नयाँ पर्यटकीय आकर्षण बढ्ने गाउँपालिकाका उपाध्यक्ष दिलकुमारी पुनले बताउनुभयो ।

"उद्यान निर्माणले सहिदको योगदानको स्मरण र सम्मान त हुने नै छ योसँगै पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास हुनेछ", उहाँले भन्नुभयो, "युद्ध पर्यटनका माध्यमबाट ताराखोलालाई चिनाउने हाम्रो उद्देश्य हो ।"

# सूर्योदयका विद्यार्थीलाई लामा अमृत फाउण्डेशनको शैक्षिक सामाग्री सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**



लम्जुङको मर्स्याङदी गाँउपालिका ५ बडलविसौना स्थित सूर्योदय प्राविका विद्यार्थीलाई लामा अमृत फाउडेशन घान्द्रुकले लत्ताकपडा सहित शैक्षिक सामाग्री सहयोग गरेको छ ।

फाउन्डेशनका संस्थापक अमृत गुरुङले स्थानिय बाघेता युनाईटेड क्लबको अध्यक्ष विष्णु गुरुङको पहलमा २२ जना विद्यार्थीलाई ज्याकेट, झोला सहित कापी लगायतका शैक्षिक सामाग्री स्कुलमै पुगेर सहयोग गरेका हुन् । सो अवसरमा बोल्दै प्रमुख अतिथि समेत रहेका स्थानीय टोल विकास संस्थाका अध्यक्ष शिवजी गुरुङले फाउण्डेशनको सहयोग प्रति आभार व्यक्त गरे । उनले स्थानिय क्लबको अध्यक्ष विष्णु गुरुङको पहलमा सहयोग गाउँमा भित्रिएको बताउदै भने, 'हाम्रो यस्तो कुनामा पनि यस्तो सहयोग आउँछ भन्ने सोचेका पनि थिएनौ । बाघेताका अध्यक्ष विष्णु र फाउण्डेशनको संस्थापक ज्यूलाई धेरैधेरै धन्यवाद दिन चाहान्छु ।' गुरुङले गरेको सहयोगप्रति खुशी व्यक्त गर्दै सकरात्मक सन्देश गएको बताए । यसैगरी बाघेता युनाईटेडका अध्यक्ष विष्णु गुरुङले फुटबलको क्षेत्रमा मात्रै काम गर्दै आएको बताउदै सामाजिक कार्यमा पनि पहल गर्ने उद्देश्य सहित लामा फाउण्डेशनलाई गुहारेको बताए । क्लबहरुले खेलको क्षेत्रमा मात्रै नभएर सामाजिक क्षेत्रमा पनि काम गर्नुपर्ने धारणा राख्दै अन्य क्लबको लागि सन्देश प्रवाह हुनेमा विश्वास व्यक्त गरे । यसैगरी लामा फाउण्डेशनका संस्थापक अमृत गुरुङले सामाजिक उत्तरदायित्व बोध गर्न लम्जुङको थाल्जुङ गाउँको विद्यालयमा सहयोग गरेको बताए । उनले ८० हजार बराबरको सामग्री सहयोग जुटाएको बताउदै विद्यार्थीको पठनपाठनमा सो सहयोगले थप टेवा पुर्याउने बताए । 'बालबालिका भनेको भविष्यको कर्णधार हुन्, त्यसैले उनीहरुको पठनपाठनमा कमी दिनु हुदैन, उनले भने, 'त्यही सोचेर मैले पहिलो पटक लम्जुङ आएर सहयोग गरेको हुँ ।'

उनले आफ्नो अभियानलाई सफल पार्न देश तथा विदेशमा रहेका ईष्टमित्रबाट सहयोग रकम जुटाएर विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण गरेको बताए । यसअघि लामा अमृत फाउण्डेशन घान्द्रुकले जोखिम रहेको कास्कीको अन्पूर्ण गाउँपालिका १० कलाभिरमा करिब १ लाख ४५ हजारको लागतमा रेलिङ निर्माण गरेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विर्खा घलेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शिक्षिका सरीता गुरुङले स्वागत मन्तव्य व्यक्त गरेकी थिईन् भने प्रधानाध्यापक किर्ति घलेले कार्यक्रम संचालन गरेका थिए ।

# तनहुँमा एक सय छत्तीस मतदानस्थल

**पोखरापत्र संवाददाता**
**तनहुँ, ७ फागुन**

आगामी वैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनको लागि तनहुँमा १३६ मतदानस्थल तय गरिएको छ ।

मतदाताले आफूले चाहेका उम्मेदवारलाईसहजरुपमामतदान गर्न जिल्लाका दश पालिकामा उक्त मतदानस्थल तोकिएको हो । निर्वाचनसम्बन्धी सहजीकरणको लागि जिल्लाका दशवटै पालिकामा निर्वाचन फोकल पर्सन तोकिसकिएको निर्वाचन कार्यालय तनहुँले जनाएको छ ।

त्यसैगरी मुख्य निर्वाचन अधिकृतसहित दशवटै पालिकामा निर्वाचन अधिकृत तोकिने जिल्ला निर्वाचन कार्यालय तनहुँका निर्वाचन अधिकृत हरिप्रसाद ढकालले जानकारी दिनुभयो । "एक हजार मतदाता बराबर एक केन्द्र राख्ने योजना बनाएका छौं", उहाँले भन्नुभयो, "फागुन १९ गते देखि २२ गतेसम्म दाबी विरोध, विवरण सच्याउन र नामावली हटाउन सबै स्थानीय तहमा पठाइनेछ ।" निर्वाचन कार्यालयले माघ २४ गतेसम्म एक लाख २८ हजार ५४२ महिला र एक लाख १९ हजार ९५१ पुरुष गरी कूल दुई लाख ४८ हजार ४९३ को विवरण निर्वाचन आयोगमा पठाइएको उहाँले बताउनुभयो । फागुन २५ गतेसम्म परेका निवेदन कार्यान्वयन गरेर २६ गते निर्वाचन आयोगमा तथ्याङ्क पठाइ चैत १३ गतेभित्र अन्तिम नामावली प्रकाशित गरिनेछ । आसन्न निर्वाचनलाई स्वतन्त्र, भयरहित वातावरणमा सम्पन्न गर्नका लागि मतदाता शिक्षा तथा परामर्शका कार्यक्रमलाई तीव्रता दिइएको छ । उहाँले भन्नुभयो, "मताधिकारबाट कोही पनि वञ्चित हुन नपरोस् भनेर पारदर्शी किसिमले काम गरिएको छ ।"

# रोजगारका लागि सूचीकृत हुन निवेदन माग

**पोखरापत्र संवाददाता**
**तनहुँ, ७ फागुन**

तनहुँका स्थानीय तहले प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सूचीकृत हुन निवेदन माग गरेका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सहयोगमा सञ्चालन हुने कार्यक्रमका लागि स्थानीय तहले सूचीकृत हुने बेरोजगारलाई निवेदन माग गरेको हो । जिल्लास्थित आँबुखैरेनी गाउँपालिका, म्याग्दे गाउँपालिका, देवघाट गाउँपालिका, बन्दीपुर गाउँपालिकाले बेरोजगार सूचीमा सूचीकृत हुन आग्रह गरेको छ । एक सय दिनका लागि प्रदान गरिने रोजगारका लागि काम गर्न इच्छुक व्यक्तिहरुले फागुन १ देखि मसान्तसम्म सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्ने आँबुखैरेनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपीकृष्ण अर्यालले बताउनुभयो । निवेदन दिन इच्छुक व्यक्तिहरुले नागरिकको एकप्रति फोटोकपी, एकप्रति फोटो, नागरिकता अन्य स्थानीय तह वा जिल्लाबाट जारी भएको भए विवाह दर्ता वा बसाइँसराइ, परिवारको वार्षिक आय खुल्ने विवरण पेस गर्नुपर्नेछ । म्याग्दे गाउँपालिकाले पनि सूचना प्रकाशित गरी फागुन १ देखि ३० गतेभित्र सम्बन्धित वडा कार्यालयमा गई बेरोजगारमा सूचीकृत हुन निवेदन माग गरेको प्रमुख प्रशासकीय अधिकृतनारायणप्रसादअधिकारीले बताउनुभयो । बेरोजगार सूचीमा सूचीकृत भएकालाई न्यूनतम एक सय दिनको रोजगारी प्रदान गरिने उहाँले बताउनुभयो ।

देवघाट गाउँपालिकाले न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखि ५९ वर्षसम्मका बेरोजगार व्यक्तिलाई फागुन मसान्तसम्म आफूले बसोबास गरेको वडामा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन अनुरोध गरेको छ । सूचीकृत भएकालाई गाउँपालिकाले एक सय दिनको रोजगारी दिने प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीले बताउनुभयो । बन्दीपुर गाउँपालिकाले पनि रोजगारीको हकसम्बन्धी नियमावली २०७५ को नियम ७ बमोजिम तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संशोधन २०७८) बमोजिम आगामी आर्थिक वर्षमा न्यूनतम रोजगारीमा संलग्न भई निवेदन माग गरिएको प्रमुख प्रशासकीय अधिकृत रामदत्त भट्टले बताउनुभयो ।

निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएका व्यक्तिलाई कार्यक्रममार्फत रोजगारी दिइनेछ । स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीबापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको हुनुपर्ने बताइएको छ । रोजगारीको हकसम्बन्धी ऐन २०७५ ले सबै नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ । मन्त्रालयले सार्वजनिक गरेको प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सूचीकृत हुने नागरिकले न्यूनतम सय दिनको रोजगारी पाउनेछन् । जिल्लामा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत नाला मर्मत, पैदलमार्ग निर्माण, पोखरी निर्माण, चौतारी निर्माण लगायतका काम हुँदै आएको छ ।

# रेडक्रसको २४ औं संरक्षक गोष्ठी सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

कास्की जिल्लाका जुनियर तथा युवा रेडक्रसका संरक्षक अर्थात प्रधानाध्यापकहरुको २४ औं गोष्ठी शुक्रवार सम्पन्न भयो ।

पोखरा महानगरपालिका वडा नं १३ फूलवारी स्थित शिवशक्ति मा.वि भएको सम्पन्न भएको कार्यक्रममा ७३ बिद्यालका प्रधानाध्यापकहरुको सहभागिता रहेको थियो । गोष्ठिको शिक्षा विकास तथा समन्वय ईकाइ समितिका प्रमुख नारायणप्रसाद सुवेदी र कास्की रेडक्रसका सभापति डोलराज पाण्डेयले संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

शिक्षा विकास समन्वय ईकाइका प्रमुख नारायणप्रसाद सुवेदीले बिद्यमान समाजमा मानवता हराउदै गएकाले बिद्यालय तहमै कक्षा शिक्षणको अध्ययन तथा अभ्यास गराउन सके बिद्यार्थीहरुमा सामाजिक भावनाको विकास हुने भने । बिद्यालमा जुनियर तथा युवा रेडक्रस सर्कल गठन गरि बिद्यार्थीहरुलाई सकृयता गराउन प्रधानाध्यापकहरुलाई प्रमुख सुवेदीले निर्देशन दिए ।

कास्की रेडक्रसका सभापति डोलराज पाण्डेले संगठनको



उद्देश्यप्राप्तीका लागि जुनियर तथा युवाहरुको नेतृत्व तथा सीप विकासका गरि दक्ष स्वयंसेवक मार्फत मानविय कार्य गर्न युवा तथा जुनियर रेडक्रस सर्कल उपयोगी हुने बताए । गोष्ठिमा रेडक्रस अभियान सम्बन्धी सहजीकरण कास्की रेडक्रसका उपसभापति कृष्ण तिमिल्सीनाले गरेका थिए । शिव शक्ति मा.बिका प्रधानाध्यापक शम्भुराज बास्तोलाले स्वागत गरेका थिए । नेपाल रेडक्रस सोसाइटी कास्कीशाखा अन्तर्गत शैक्षीक सत्र २०७९ का लागि प्रतियोगिता तर्फ कविता, बक्तृत्वकला, चित्रकला, हाँजिरी जवाफ, लोकगित, निवन्ध तथा अल्वम प्रतियोगिता र गोष्ठि तथा प्रशिक्षण तर्फ ३९ औं जुनियर युवा तथा शिक्षक नायक गोष्ठि, २५ औं संरक्षक गोष्ठी, आधार भुत प्राथमिक उपचार, विपद् ब्यवस्थापन, सरुवा रोग संक्रमण सचेतना, जलवायु परिवर्तन र चेतनामुलक कार्यक्रम संचालन हुने नेपाल रेडक्रस सोसाइटी कास्कीका सदस्य एवं जुरयू समितिका संयोजक बिष्णुप्रसाद भण्डारीले जानकारी दिए ।

रेडक्रसका सात ७ सिद्धान्तहरुको वारेमा शिवशक्ति यु.रे.स.का अध्यक्ष धनविर नाल्वोले गरेका थिए । गोष्ठिको औचित्यमाथि जुरयू समितिका सदस्य सुर्यप्रसाद तिमिल्सीनाले प्रकाश पारे । जुनियर युवा समिति कास्कीका संयोजक बिष्णुप्रसाद भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा जुनियर यूवा समिति कास्कीका सचिव मित्रलाल सुवेदीले संचालन गरेका थिए ।

# प्रजातन्त्र दिवसको उपल्यक्षमा बुद्ध विशाल बजारमा छात्रवृत्ति घोषणा तथा झण्डातोलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

बुद्ध विशाल बजार व्यापारिक एशोसियसन पोखरा ४ ले प्रजातन्त्र दिवसको उपल्यक्षमा एशोसियसनको लोगो अंकित झण्डा झण्डातोलन तथा छात्रवृत्ति कार्यक्रम घोषणा गरेको छ ।

कार्यक्रममा बोल्दै बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष केशववहादुर क्षेत्रीले फागुन ७ गते प्रजातन्त्र दिवसको दिनसम्पुर्ण नेपालीहरूको लागी विशेष दिन भएको र उक्त दिन बुद्ध विशाल बजारका व्यवसायीहरूको लागी पनि एतिहासिक दिन भएकोहुदा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले गत वर्षबाट बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको लोगो अंकित झण्डा र राष्ट्रिय झण्डा झण्डातोलन गरिने गरेको



बताउदै यस वर्षबाट एशोसियनले सामाजिक उतरदायित्व वहन गर्दे शैक्षिक अक्षयकोष स्थापना गरी शुक्रराज मावि पोखरा २२ का कक्षा ८ का विधार्थी पुष्पा बराल र श्रीया बराललाई शैक्षिक अभिभाकत्वक ग्रहण गर्दे अभिभाकत्व लिने बताए । कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका कानुनी सल्लाहकार जगनाथ ढकालले प्रजातन्त्र दिवसको दिन बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले एउटा एतिहासीक काम गरेकोमा खुशी प्रकट गरे । एशोसियसनका सल्लाहकार ध्रुव प्रसाद रेग्मीले संस्थाले सामाजिक उतरदायित्व अन्तरगत बेलाबेलामा बिभिन्न सामाजिक कामहरू गरिरहेकोमा एशोसियसनप्रति आभार ब्यक्त गरे ।कार्यक्रममा शुक्रराज माविका प्रधानाध्यापक नरनाथ बरालले एशोसियसनले प्रदान गर्ने छात्रवृत्ति लागी शुक्रराज माविलाई छनोट गरेकोमा धन्यवाद व्यक्त गरे ।

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका सचिव बुद्धि कुवरले सन्चालन गरेको कार्यक्रममा उपाध्यक्ष ईन्द्रराज अर्यालले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रममा एशोसियसनले स्थापना गर्न लागेको छात्रवृत्ति शैक्षिक अक्षयकोषको लागि एशोसियसनका कानुनी सल्लाहकार जगनाथ ढकालले १०,००० सल्लाहकार शिव शर्माबाट ११११५ महासचिव वुद्धि कुवरले ११११९ अध्यक्ष केशवबहादुर खत्रीले २०१०० उपाध्यक्ष ईन्द्रराज अर्यालले १२५०० सदस्य ईन्द्रमाया गुरूङले प्रत्येक वर्ष ५००० प्रदान गर्ने र सदस्यहरू मनोहर गुप्ताले ११५०० गुलाम सरवरले ७७८६ दिने घोषणा गरेका थिए ।

# प्रविधि हस्तान्तरणसँगै सीप सिकाउँदै स्थानीय तह

**पोखरापत्र संवाददाता**
**तनहुँ, ७ फागुन**

तनहुँको म्याग्दे गाउँपालिकाले कृषकलाई केही समय अगाडि हाते ट्र्याक्टर प्रदान गऱ्यो । कृषिमा आधुनिकीकरण गर्ने उद्देश्यसहित गाउँपालिकाले कृषक छनोट गरी हाते ट्र्याक्टर वितरण गरेको थियो ।

परम्परागतरुपमा कृषि पेसा गर्दै आएका कृषकलाई व्यावसायिक बनाउने उद्देश्यसहित गाउँपालिकाले वितरण गरेको हाते ट्र्याक्टरले कृषकलाई सहज भएको छ । गोरुको सहायताले खेतबारी जोत्दै आएका कृषक हाते ट्र्याक्टर पाएपछि खुसी भएका छन् । गाउँपालिकाले कृषकलाई प्रविधि हस्तान्तरणसँगै सीप पनि सिकाउन थालेको छ । हाते ट्र्याक्टर बिग्रिए मर्मतका लागि पोखरा वा दमौली लैजानुपर्ने बाध्यता रहेकाले कृषक स्वयम् लाई मर्मतसम्बन्धी ज्ञान प्रदान गरिएको गाउँपालिकाका उद्योग शाखाप्रमुख प्रदीप न्यौपानेले जानकारी दिनुभयो ।

“कृषकलाई हाते ट्र्याक्टर त दियौँ, तर बिग्रियो भने बनाउन अन्यत्रै लैजानुपर्ने बाध्यताको अन्त्य गर्न सीप पनि दिएका छौँ”, उहाँले भन्नुभयो, “यसले गर्दा कृषकले आफैँले हाते ट्र्याक्टरको मर्मत गर्न सक्छन् ।” ट्र्याक्टरमा सामान्य समस्या आउँदा आफैँले मर्मतसम्भार गर्न सकून् र टाढाबाट मिस्त्री ल्याएर मर्मत गर्नुपर्ने अवस्थाको अन्त्य गर्ने लक्ष्य राखिएको प्रखुख न्यौपानेले बताउनुभयो । म्याग्दे गाउँपालिका-२ मा सञ्चालित तालिममा १२ जना सहभागी छन् । हाते ट्र्याक्टर मर्मत तालिमले कृषकलाई सजिलो हुने ठानेर सीपमूलक तालिम दिइएको गाउँपालिकाका अध्यक्ष मायादेवी रानाले जानकारी दिनुभयो । “गाउँपालिकाले कृषकलाई विभिन्न समयमा प्रविधि हस्तान्तरण गरिरहेको छ, यसले गर्दा कृषक व्यावसायिक बन्न सक्छन्”, उहाँले भन्नुभयो ।

तालिमका प्रशिक्षार्थी विनोद श्रेष्ठले ट्र्याक्टर मर्मत तालिमले आफूहरुलाई सहज हुने बताउनुभयो । शिवशिखर एग्रो प्रालि पोखराका दिनेश थापाले मर्मतसम्बन्धी सहजीकरण गर्नुभएको छ ।

# ‘लोपोन्मुख संस्कृति संरक्षण गर्दै पुस्तान्तरण गर्नुपर्छ’

**पोखरापत्र संवाददाता**
**वालिङ, ७ फागुन**

गण्डकी प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले लोपोन्मुख संस्कृतिको संरक्षणसहित पुस्तान्तरण गर्दै लगिने बताउनुभएको छ ।

नेपाल सांस्कृतिक सङ्घ गण्डकी प्रदेश, नेपाल सांस्कृतिक सङ्घ स्याङ्जाको आयोजनामा आज वालिङमा आयोजित प्रदेशका प्रचलित लोककला तथा संस्कृति संरक्षणसम्बन्धी गोष्ठीमा उहाँले परम्परादेखि चल्दै आएका हाम्रा कला संस्कृतिहरुको संरक्षण गर्दै नयाँ पुस्तामा पुस्तान्तरण गर्दै जानुको विकल्प नभएको बताउनुभएको हो ।

‘गण्डकीप्रदेशभित्रपरम्परादेखि चल्दै आएका भाषा, चालचालन, रीतिरिवाज, कलालगायतको संरक्षण गर्दै अगाडि बढ्नु जरुरी छ’, उहाँले भन्नुभयो, ‘समयमै यसप्रकारका हाम्रा परम्परा, संस्कृतिको संरक्षण गर्नतर्फ ध्यान नदिए अब आउने नयाँ पुस्ताले सराप्ने छ, तसर्थ गण्डकी प्रदेशले चालेको अभियानमा सबैले सहयोग गरेर संरक्षण गर्नतर्फ अगाडि बढौँ ।’ प्रदेशका ११ वटै जिल्लामा सम्पत्तिका रूपमा रहेका



भाषा, कला, संस्कृतिको संरक्षण गर्नका लागि स्थानीयवासीलाई नै अग्रसर बनाउने गरी अगाडि बढिएको उहाँले बताउनुभयो ।

‘प्रचलनमा रहेका लोककलाको थप प्रचार-प्रसार, लोपोन्मुख अवस्थामा रहेका संस्कृतिको संरक्षण साथै लुकेर रहेका नयाँ-नयाँ प्रतिभाको प्रस्फुटनमा टेवा पुग्ने गरी अभियान थालेका छौँ’, उहाँले भन्नुभयो, ‘समुदाय-समुदायमा लोपोन्मुख अवस्थामा रहेका कला, संस्कृतिको संरक्षणका लागि सम्बन्धित समुदायमै पुगेर थप खोजी गर्नेछौँ, जसले गर्दा बढी महत्वपूर्ण र टिकाउ पनि हुन जान्छ ।’ कुनै पनि समुदायको कला, संस्कृतिको संरक्षण गर्न सोही समुदाय अग्रसर भएमामात्रै टिकाउ र प्रभावकारी हुने उहाँको जोड थियो । लोक सङ्गीतका क्षेत्रमा विभिन्न विकृति विसङ्गति भित्रिने क्रम बढ्दै गएकाले यस्ता प्रवृत्तिलाई निषेध गर्नु जरुरी रहेको प्रा डा कुसुमाकर न्यौपानेले बताउनुभयो ।

गण्डकी प्रदेशमा प्रचलित लोक सङ्गीत संरक्षणका लागि लोक सन्दर्भलाई विशेष महत्व दिने, मौलिकता गुम्न नदिने, विकृतिलाई निषेध गर्ने, लय, भाषा, बाजा, नाचमा विकृति नल्याउने, प्रचलित लोकसङ्गीतलाई महत्व दिने, आयातित संस्कृतिलाई महत्व नदिने, लोपोन्मुख अवस्थाका लोकसङ्गीतको मौलिकतालाई जोगाउने र लोप भइसकेका लोकसङ्गीतको खोजी गरी संरक्षण गर्नुपर्ने प्रा डा न्यौपाने बताउनुहुन्छ ।

# विश्वकप ग्लोबल छनोट: नेपालको लगातार दोस्रो जित

**रासस**
**काठमाडौं, ७ फागुन**

आइसीसी पुरुष टी-ट्वान्टी विश्वकप ग्लोबल छनोटअन्तर्गत नेपालले फिलिपिन्सलाई पराजित गर्दै प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको छ ।

ओमानको मस्कटस्थित अल अमरेत क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले फिलिपिन्सलाई १३६ रनको भारीअन्तरले पराजित गरेको हो । सोही मैदानमा हिजो भएको ओमान विरुद्धको पहिलो खेलमा नेपाल ३९ रनले विजयी भएको थियो । जितसँगै नेपाल चार अङ्क जोड्दै सेमिफाइनल नजिक पुगेको छ ।

शनिबारको खेलमा २१९ रनको लक्ष्य पछ्याएको फिलिपिन्सले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ८२ रनमा समेटियो । फिलिपिन्सका लागि जोर्डन अलेग्राले २७, ड्यानियल स्मीथले २०, कप्तान जोनाथन हिलले ११ तथा कपिल कुमारले ४ रन जोडे । बलिङतर्फ नेपालका कप्तान सन्दीप लामिछानेले सर्वाधिक ३ विकेट लिए भने गुल्सन झा, दीपेन्द्र सिंह ऐरी, कुशल मल्ल, अविनाश बोहरा र जितेन्द्र मुखियाले समान एक-एक विकेट झारे ।


# स्नोम्यान प्रा. लि.

## पनौती, नेपाल

## मूल्य सूची सम्बन्धमा सूचना

**यस उद्योगबाट उत्पादित निम्न ब्राण्डहरुको वाईन नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०७७/०७८ का लागि मिति २०७८/११/०८ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य प्रकाशित गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा अन्त:शुल्क, मू.अ.कर र अन्य शुल्क समेत समावेश गरिएको छ ।**

| ब्राण्ड | मि.लि. | रिजनल डिष्ट्रिब्यूटर्स | | डिष्ट्रिब्यूटर्स | | होलसेल | | रिटेल | | उपभोक्ता मुल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | प्रति कार्टून | प्रति बोटल |
| AROMA (12*750)ML (Premium Sweet Red Wine/Premium Sweet White Wine) | ७५० | ९,०५०।०० | ४५०।०० | ९,५००।०० | ५६०।०० | १०,०६०।०० | ५००।०० | १०,५६०।०० | ८४०।०० | ११,४००।०० | ९५०।०० |
| King's Hill (12*750)ML (Premium Sweet Red Wine/Premium Sweet white Wine) | ७५० | ७,५००।०० | ३६०।०० | ७,८६०।०० | ५०५।०० | ८,३६५।०० | ४१५।०० | ८,७८०।०० | ८२०।०० | ९,६००।०० | ८००।०० |
| Chief Guest (12*750)ML ( Sweet Red Wine/ Sweet white Wine) | ७५० | ६,३००।०० | ३१०।०० | ६,६१०।०० | ४००।०० | ७,०१०।०० | ३२०।०० | ७,३३०।०० | ७७०।०० | ८,१००।०० | ६७५।०० |
| King's Hill Box Wine (4*4) LTR (Premium Sweet Red Wine/Premium Sweet white Wine) | ४ लि. | १०,९५०।०० | ५५०।०० | ११,५००।०० | ६९०।०० | १२,१९०।०० | ६१०।०० | १२,८००।०० | १,२००।०० | १४,०००।०० | ३,५००।०० |

नोट: उपरोक्त बिक्री मूल्यहरुमा ब्यपारीक एवं अन्य खर्चहरु समाबेस गरिएकोले आवश्यकता अनुसार बिभिन्न तहमा ब्यपारीक एवं छूटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ ।